स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




स्वस्तिमा खड्का र मुकुन भुसाल स्टारर फिल्म 'ऐंचो पैंचो'को आधिकारिक टिजर शुक्रबार सार्वजनिक भएको छ । एक मिनेट लामो टिजरले फिल्मको सेटिङ, परिवेश, केन्द्रीय द्वन्द्व र चरित्र चित्रणबारे केही संकेत दिन्छ । पूर्वी मधेशमा छायांकन गरिएको फिल्मको टिजरले गाउँको चुनावी माहोल दर्शाएको छ । स्वस्तिमाले बाइक हाँकेको दृश्यसँगै टिजर सुरु हुन्छ र चुनावी माहोलमा रमाउँदै अनुहारमा रङ पोतेको दृश्यसँगै टिजर समाप्त हुन्छ ।

**आजको विचार...**



विपद्... (दुई पेजमा)

दुर्गाप्रसाद अर्याल



भदौ १४ गतेदेखि प्रदर्शन तयारीमा रहेको फिल्म 'गणपति'को गीत 'टुकी टुकी फ्याप' सार्वजनिक भएको छ । शुक्रबार आयोजित समारोहमा निर्माताले गीत लन्च गरे । गीतको भिडियोमा मुकुन भुसाल र वर्षा सिवाकोटीले नृत्य गरेका छन् । वर्षाले यो गीतमा मात्र क्यामियो रोल गरेकी हुन् । निशान भट्टराई, अनिष अधिकारी र रचना रिमालको स्वर रहेको गीतमा अनिष अधिकारीको शब्द तथा संगीत छ । कम्पोजर समेत रहेका अधिकारीले कुनै भट्टी पसल र जड्याहा पात्रको संवाद शैलीलाई गीतमा बुनिएको बताए ।


❒ वर्ष २८ ❒ अंक ३४१ ❒ २०८० असार २४ गते आइतबार 9 July 2023, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-


## सक्षिप्त समाचार

### एसईईको पूरक परीक्षा साउनमा

**पाल्पा,** असार २३/एसईईको पूरक परीक्षा साउनमा हुने भएको छ । परीक्षा नियन्त्रण कार्यालयले न्यून ग्रेडप्राप्त विद्यार्थीहरुका लागि पूरक परीक्षा साउन २६ र २७ गते सञ्चालन गर्ने भएको हो । परीक्षा नियन्त्रण कार्यालयले सूचना प्रकाशित गरी परीक्षामा सहभागी हुन आवदेन फाराम भर्न आह्वान गरेको छ । बिहीबार सार्वजनिक नतिजामा 'सी वा सी' भन्दा तल्लो ग्रेड प्राप्त गरेका विद्यार्थी ग्रेडवृद्धिमा सहभागी हुन पाउने छन् । विद्यार्थीले आफूले चाहेका दुई विषयमा मात्र ग्रेडवृद्धि परीक्षा दिन पाउने छन् । विद्यार्थी अनुपस्थित रहेका दुई विषयमा पनि ग्रेडवृद्धि दिन पाउने व्यवस्था गरिएको परीक्षा बोर्डले जनाएको छ । विद्यार्थीले आफूले पढेको विद्यालयमार्फत साउन २१ गतेसम्म परीक्षा आवेदन फाराम जिल्ला शिक्षा विकास तथा समन्वय इकाइमा पेस गर्नुपर्नेछ । यस पटकको नतिजन अनुसार 'सी, डी र ई' ग्रेड प्राप्त गर्ने विद्यार्थीको संख्या सबैभन्दा बढी गणित विषयमा रहेको छ ।

# मकै खेती छोडेर लिची

**कृषकलाई बोटमा भ्याङ ठड्याएर पाकेका लिचीका दाना टिप्न भ्याइनभ्याइ छ । आजभोलि थोर्गा गाउँमा पुग्ने व्यक्ति बगैंचा वरिपरी घुम्ने, तस्बिर खिच्ने र टिकटक बनाउनमा व्यस्त देखिन्छन् ।**

**जनार्दन घिमिरे (रासस)**



**गुल्मी,** असार २३/गुल्मीको रुरुक्षेत्र गाउँपालिका-३ अन्तर्गत थोर्गा च्युरेकको लिची गाउँका किसान व्यावसायिक लिची उत्पादनमा लागेका छन् । यस क्षेत्रमा प्रमुख नगदे फलफूल बालीको रुपमा लिची मानिन्छ । यहाँका कृषकले आजभोलि परम्परागत रुपमा गर्दै आएको मकै खेतीलाई छोडेर मकै लगाउने बारीमा लिचीका बोट लगाउँदै आएका छन् ।

बारीका डिल र छेउछाउका बगैंचामा बोटै भरि राताराता दाना लिची लटरम्म फलेका देखिन्छन् । बोटमा पाकेका राता दानाले सिङ्गो गाउँ नै यतिबेला राताम्य देखिएको छ । कृषकलाई बोटमा भ्याङ ठड्याएर पाकेका लिचीका दाना टिप्न भ्याइनभ्याइ छ । आजभोलि थोर्गा गाउँमा पुग्ने व्यक्ति बगैंचा वरिपरि घुम्ने, तस्बिर खिच्ने र टिकटक बनाउनमा व्यस्त देखिन्छन् । लिची खेती गर्न थालेपछि आम्दानी मनग्य हुन थालेको र जीविकोपार्जनमा सहज भएको यहाँका किसान बताउँछन् । गाउँमा एक घरमा न्यूनतम दशदेखि एक सयसम्म लिचीका बोट रहेको स्थानीय सामाजिक अगुवा घनश्याम ज्ञवालीले बताए । उनका अनुसार यहाँका कृषकलाई जीविकोपार्जनका लागि लिची मुख्य आम्दानीको स्रोत बनेको छ । 'व्यापारी लिची लिन कृषकको बारीमै पुग्छन् । यहाँको लिची गुलियो र स्वादिलो भएका कारण बजारमा थोर्गा र च्युरेकको लिची भनेपछि उपभोक्ताले पनि खोजी खोजी किन्ने गरेका छन्', उनले भने । ज्ञवालीका अनुसार यहाँ उत्पादन गरिएका लिची गुल्मीको सदरमुकाम तम्घासदेखि रिडी, पाल्पा र बुटवलको बजारसम्म पुग्ने गर्दछ । यस क्षेत्रका एक सयभन्दा बढी कृषक व्यावसायिक लिची उत्पादनमा लागेको उनले जानकारी दिए । स्थानीय कमल ज्ञवाली, ओम ज्ञवाली, मोतीराज ज्ञवाली, परमानन्द ज्ञवाली, कृष्ण विक, युवराज ज्ञवाली लिचीका व्यावसायिक कृषक हुन् । कृषक कृष्ण विकले लिचीबाट सबैभन्दा बढी आम्दानी गरिरहेका छन् । उनले वार्षिक दुई लाखभन्दा बढी आम्दानी गर्दै आएका छन् ।


*(...बाँकी अन्तिम पेजमा)*







## रहेनन् एकीकृत समाजवादी पाल्पाका अध्यक्ष पाण्डे

**पाल्पा,** असार २३/ नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी ) पाल्पाका जिल्ला अध्यक्ष खिमानन्द पाण्डे (कमल) को निधन भएको छ । शुक्रबार साँझ ५२ वर्षको उमेरमा उनको निधन भएको हो । हृदयघातका कारण पाण्डेको निधन भएको पार्टी सचिवालयले जनाएको छ । दिउँसो आफ्नै घर बगनासकाली गाउँपालिका १ पिप्लेमा खेतमा काम गर्न गएका पाण्डे एक्कासी ढलेका थिए । उनलाई उपचारका लागि लुम्बिनी मेडिकल कलेज प्रभास लैजाने क्रममा बाटोमै ज्यान गएको समाजवादी प्रेस संगठन पाल्पाका अध्यक्ष पदम गैरेले जानकारी दिए ।



पहिले एमालेमा रहेका मृतक पाण्डे पार्टी विभाजन पछि एकीकृत समाजवादीमा आएका थिए । उनी पूर्व एमाले पाल्पाको उपसचिव समेत थिए । पाल्पामा सरल र स्वच्छ छवि बनाएका नेताका रुपमा उनलाई लिने गरिन्थ्यो । पाण्डे गत वर्ष सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा बगनासकाली गाउँपालिका उपाध्यक्षमा उपविजयी भएका थिए । पाण्डेको शवलाई शनिबार विहान तानसेको टुँडिखेलमा राखी जिल्लाका सबै राजनीतिक दल, आफन्त इष्टमित्रहरुले श्रद्धाञ्जली दिएका थिए । पाण्डेको शव शनिबार नै कालीगण्डकी नदी राम्दीमा हिन्दु संस्कार अनुसार अन्त्येष्टी गरिएको छ । जिल्ला अध्यक्ष पाण्डेको निधनले नेकपा एसमा ठूलो क्षति पुगेको पोटिव्युरो सदस्य एवं लुम्बिनी प्रदेश अध्यक्ष सोमप्रसाद पाण्डेले बताए । मृतक पाण्डेका २ छोरा र श्रीमती छन् । पाण्डेका एक छोराको गत बर्ष नै हृदयघात भई मृत्यु भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## सरकार विपद्प्रतिको दायित्व नभुल

वर्खा लागेसँगै मुलुक बाढी पहिरोको चपेटामा पर्न थालेको छ । मनसुन सक्रिय भएकाले यस्ता घटना घट्ने गर्दछन् । बर्खाको मौसम भएकाले पनि मनसुन सक्रिय हुनु स्वाभाविक नै हो । यसलाई अन्यथा लिनु हुँदैन । देशका अधिकांश भूभागमा वर्षा भइरहेको छ । जसका कारण जनजीवनै अस्तव्यस्त पारेको, बाढी, पहिरो र डुबान भएका समाचारहरु आइरहेका छन् । हुन त यो कुनै नौलो होइन, वर्षेनी हुँदै आएको समस्या हो । प्रकृतिले निम्त्याउने प्रकोपको भयावह अनुमानभन्दा बाहिरको विषय हुन्छ । कहाँ कतिबेला कस्तो अवस्था सिर्जना हुने हो, अनुमान गर्न सहज हुँदैन । र पनि, पछिल्लो समय प्रविधिले यस्तो अनुमानलाई केही हदसम्म सहज बनाइदिएको छ । मौसम पूर्वानुमान महाशाखाले पानी अत्यधिक पर्ने सम्भावना रहेकाले सजगता अपनाउन नागरिकलाई आह्वानसमेत गर्न थालेको छ । जसले गर्दा ठूला प्राकृतिक घटनाबाट हुने क्षतिलाई केही हदसम्म कम गर्न सकिने अवस्था छ । आखिर यो पूर्वानुमान नै हो । यसले सचेतना जगाउन सहयोग नै पुऱ्याउँछ । बेलैमा अपनाइने सचेतनाले क्षतिलाई कम गर्न भने सकिन्छ ।

सकेसम्म कुनै पनि प्रकारका दुःखद् घटना नहुन् भनेर सावधान रहनुपर्छ । खोलाका किनार र पहिराको जोखिममा रहेका बस्ती हटाउनुपर्छ । तिनलाई यथाशक्य वैकल्पिक व्यवस्था गर्नु आवश्यक छ । स्थानीय सरकारले यसको पहलकदमी लिनुपर्छ । सावधानी अपनाउँदा–अपनाउँदै पनि कुनै दुःखद् घटना भइहालेका खण्डमा सकेसम्म छिटो तिनको उद्दार र उपचार गर्न सकिने व्यवस्था गरिनुपर्छ । त्यसका लागि पहिलो प्रयास स्थानीय सरकारको दायित्व हो । तर नदीनाला र कमला डाँडापाखा र डरलाग्दा भीरका बस्ती नियन्त्रण र त्यस्ता बस्तीलाई अन्त सार्ने कुनै योजना स्थानीय तहको प्राथमिकतामा देखिँदैनन् । बस्ती नै सुरक्षित स्थानमा लैजाने पहल स्थानीय सरकारले गर्दा त्यसलाई सघाउने प्रमुख दायित्व प्रदेश र संघ सरकारको हो । त्यसतर्फ तीनै तहका सरकार गम्भीर बन्न जरुरी छ ।

## Opinion @ Social Network

परिस्थितिले सधैं चुप रहन सिकायो र नियतीले सबै कुरा सहन सिकायो न कसैसँग आस न कसैसँग गुनासो अब त जिन्दगीले एक्लै रहन सिकायो ।

*(मेहर दंगालको फेसबुक स्टाटसबाट https://www.facebook.com/mearshing.dangal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# विपद् व्यवस्थापनको तयारीमा लाग्ने की ?



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

जब पऱ्यो राती तब बुढी ताती । भन्ने नेपाली उखान जस्तै आखा अगाडि नै विपद्को अवस्था नआउदासम्म सक्रिय नहुने हाम्रा निकायहरुले कतै यो वर्ष पनि सोही अवस्थालाई निरन्तरता दिने त होइन जनमानसमा छलफलको विषय बनेको देखिन्छ । राज्यको पूर्व तयारी र योजना नहुँदा विपद् व्यवस्थापनको लागि विगतमा अरबौं रकम खर्च हुने तर वास्तविक पीडितको पीडालाई कमी र नियन्त्रण भने गर्न नसकिने विगत हामी सामु रहेको छ । तीन तहकै सरकार, विभिन्न निकायहरु यसमा संलग्न हुने राज्यको रकम खर्च पनि हुने तर प्रभावकारी पूर्व तयारी, उद्दार, राहत तथा व्यवस्थापन हुन भने सकेको देखिदैन । कतै यो बर्ष पनि यस्तै अवस्था त दोहरिने हैन जनमानसमा शंका उत्पन्न भएको देखिन्छ । यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

विपद् भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन तथा धनको क्षतिको साथै जीवनयापन र वातावरण प्रतिकूल असर पर्ने प्राकृतिक घटनालाई बुझ्न सकिन्छ । विपद् पूर्व सुचना दिएर नआउने भएकैले यसले ठूलो भय सिर्जना गर्दछ । मानव जीवनलाई आतङकित बनाउँदछ । भय र आतङ्कित मात्रै कहाँ हो र ? यसले अकल्पनीय धन जनको क्षति पुऱ्याउने गर्दछ । बर्षातको समय सुरुवात भै सक्यो आजका मितिसम्म ठूलो धन जनको क्षति र विपत्तिको अवस्था आईसकेको छैन् । विगतलाई हेर्दा विपद् नआउला भन्न पनि सकिदैन । भौगोलिक विविधता भएको हाम्रो देशमा विपद्को प्रकृति पनि फरक-फरक नै देखिने गर्दछ । सामान्यतया हिमालमा हिउँ पहिरो, पहाडमा बाढी, पहिरो तथा तराईमा बाढी आउने गरेको देखिन्छ । यस्ता विपद्को रोकथाम तथा न्युनिकरणका लागि पूर्व तयारीमा पनि भौगोलिक अवस्था अनुसारकै योजना तथा कार्यक्रम बनाउनु पर्ने जरुरी देखिन्छ । विपद् प्राकृतिक कुरा हो यसलाई मानवीय प्रयासले रोक्न त हामी सक्दैनौ तर यसबाट हुने क्षतिलाई न्यूनिकरण भने पक्कै गर्न सक्दछौ । यसका लागि राज्यका निकायहरुले सक्रियता भने देखाउन जरुरी देखिन्छ ।

*भौगोलिक विविधता भएको हाम्रो देशमा विपद्को प्रकृति पनि फरक-फरक नै देखिने गर्दछ । सामान्यतया हिमालमा हिउँ पहिरो, पहाडमा बाढी, पहिरो तथा तराईमा बाढी आउने गरेको देखिन्छ । यस्ता विपद्को रोकथाम तथा न्युनिकरणका लागि पूर्व तयारीमा पनि भौगोलिक अवस्था अनुसारकै योजना तथा कार्यक्रम बनाउनु पर्ने जरुरी देखिन्छ । विपद् प्राकृतिक कुरा हो यसलाई मानवीय प्रयासले रोक्न त हामी सक्दैनौ तर यसबाट हुने क्षतिलाई न्यूनिकरण भने पक्कै गर्न सक्दछौ । यसका लागि राज्यका निकायहरुले सक्रियता भने देखाउन जरुरी देखिन्छ । नेपालमा विपद् जोखिमलाई व्यवस्थापन गर्नका लागि विभिन्न ऐन तथा नीति बनाईएको छ । यसका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण नै स्थापना भएको छ भने प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय परिषद्को व्यवस्था रहेको र उक्त निकायले देशभरका संयन्त्रलाई नीतिगत निर्णय, समन्वय गर्ने तथा निर्देशन दिन काम गर्दै आएको देखिन्छ । गृहमन्त्रीको अध्यक्षतामा राष्ट्रिय कार्यकारी समिति रहेको छ । यसका साथै प्रदेशहरुमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति, जिल्लामा सिडिओको अध्यक्षतामा विपद् व्यवस्थापन समिति र स्थानीय तहहरुमा स्थानीय विपद् व्यवस्थापन समितिको व्यवस्था गरी यसको न्यूनिकरण, पूर्व तयारीका साथै राहत तथा उद्दारको कार्यमा लाग्नका लागि स्वायत्तता प्रदान गरिएको छ ।*

नेपालमा विपद् जोखिमलाई व्यवस्थापन गर्नका लागि विभिन्न ऐन तथा नीति बनाईएको छ । यसका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण नै स्थापना भएको छ भने प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय परिषद्को व्यवस्था रहेको र उक्त निकायले देशभरका संयन्त्रलाई नीतिगत निर्णय, समन्वय गर्ने तथा निर्देशन दिन काम गर्दै आएको देखिन्छ । गृहमन्त्रीको अध्यक्षतामा राष्ट्रिय कार्यकारी समिति रहेको छ । यसका साथै प्रदेशहरुमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति, जिल्लामा सिडिओको अध्यक्षतामा विपद् व्यवस्थापन समिति र स्थानीय तहहरुमा स्थानीय विपद् व्यवस्थापन समितिको व्यवस्था गरि यसको न्यूनिकरण, पूर्व तयारीका साथै राहत तथा उद्दारको कार्यमा लाग्नका लागि स्वायत्तता प्रदान गरिएको छ । विपद् व्यवस्थापनका लागि राष्ट्रिय कोषको व्यवस्था गरी दाताहरुले उक्त कोषमा रकम जम्मा गर्ने व्यवस्था पनि गरेको देखिन्छ । कोषमा अरवौ रकम खर्च नभएको तर पीडितहरुले आवश्यक राहत पनि प्राप्त नगरेको, वास्तविक पीडितहरु बाहिर परेको, ज्यादै ढिलो गरी उद्दार तथा राहतको काम भएको जस्ता गुनासाहरु विगतमा आएकाले सम्बन्धित पक्षको यस मामलामा बेलैमा ध्यान जानु पर्ने देखिन्छ ।

पछिल्लो समयमा विकासका नाममा गरिएको डोजरे विकासले पहाडका गाउँ बस्तिहरु ठूलो जोखिममा रहेको देखिन्छ । अवैज्ञानिक विकासले विकास होइन विनास निम्त्याएको देखिन्छ । वर्षादको एक दुई महिना पछुताउनु बाहेक यस पक्षमा कुनै सुधार हुने संकेत पनि देखिदैन । गाउँमा बाटो पुग्नु नै विकास मान्ने हाम्रा जनप्रतिनिधि र टाठा बाठा केहि जनमानसका कारण बस्ति नै जोखिममा पुगेको, ठूलो धन जनको क्षति भएको, बस्ति नै स्थानान्तरण गर्नु पर्ने घटना भएकाले यस पक्षमा आवश्यक नियन्त्रण र कार्य विधि नै बनाउनु पर्ने र यसका लागि सम्बन्धित पक्षको तत्काल ध्यान जानु पर्ने देखिन्छ । विपद् व्यवस्थापन र यसको तयारीका लागि भौगोलिक अवस्था र विपद्को प्रकृति पहिचान गरेर सोही अनुसार योजना तथा कार्यक्रम बनाउनुपर्ने देखिन्छ भने राहत र उद्दारलाई भन्दा पनि पूर्व तयारीमा जोड दिदै जोखीम पहिचानमा विशेष प्राथमिकता दिनु आवश्यक देखिन्छ । जोखिमयुक्त ठाँउका वस्तीहरुलाई अन्य सुरक्षित ठाउँमा स्थान्तरण गर्ने, नदी किनारका बस्तिलाई तत्काल स्थानान्तरण गर्ने, उक्त स्थानका नागरिकहरुलाई विपद् आउनुपूर्व आवश्यक सुचना सप्रेषणको व्यवस्था गर्ने, राज्यका निकायहरुलाई सक्रिय अवस्थामा राख्ने र विपद् स्थानमा तत्काल पुग्न आवश्यक प्रबन्ध गर्ने, झन्झटिलो कागजी प्रक्रियाको अन्त्य गर्ने, पूर्ननिमार्ण र पुर्न स्थापनालाई विशेष जोड दिनुपर्ने देखिन्छ । यसका साथै विपद् सिर्जना भै सकेपछि कोषमा रकम जम्मा गर्ने दाता खोज्ने कार्य नगरी पहिले नै आह्वान गरी पर्याप्त रकमको जोरजाम गर्नु पर्ने देखिन्छ । विगतमा राजनीतिक दलका भातृ संगठनले आफु खुसी राहत संकलन गर्ने, सेवा भन्दा पनि राजनीतिक उपलब्धि लिन खोज्ने प्रवृत्ति देखिएकोमा यस पटक पहिले नै यसलाई नियन्त्रणका लागि राज्यका संयन्त्र लाग्नु पर्ने देखिन्छ । राहत र उद्दारका नाममा कोषको रकमको हिनाबिना भएको, पीडितले पाउनु पर्ने रकम अनुगमन र निरीक्षणको नाममा खर्च भएका विगतमा समाचार सुनिएकोमा यस पटक पहिले नै यस बेथितिको अन्त्यका लागि आवश्यक सजगता अपनाउनु पर्ने देखिन्छ । विशेषत विपद् प्राकृतिक कारण नै उत्पन्न हुने गर्दछ तर पछिल्लो समय यो प्राकृतिक भन्दा पनि मानविय लापरवाहिका कारण पनि उत्पन्न भएको देखिन्छ । जेसुकै कारणले यो सिर्जना भएता पनि यसबाट हामी बेखवर भएर बस्न भने पक्कै सक्दैनौ । यसले धेरै थोरै सवै नागरिकलाई पीडा र भय भने उत्पन्न गराएको देखिन्छ । यसलाई रोक्न नसकेता पनि पिडा र क्षतिलाई कम गर्न भने पक्कै सकिने भएकाले राज्यका संयन्त्रहरु यसमा सक्रिय भएर लाग्न जरुरी देखिन्छ । पूर्व तयारी, राहत, उद्दारमा यस वर्ष कुनै कमी नआओस् । सुरक्षा निकायहरुलाई माथिको निर्देशन कुर्नुपर्ने र समयमै उद्दार गर्न नसक्ने अवस्था यो पटक नदोहारियोस् । तीन तहका सरकारहरु आ-आफ्नो स्थानबाट सक्रिय भूमिका देखाउन । विपद्मा परेका पिडितले राज्यमा अभिभावक भएको महशुश गर्न पाउन । विगत बर्षहरुमा जस्तो यो वर्ष देशभर विपद् र भयको अवस्था उत्पन्न नहोस् यहि कामना गरौं ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कामहरु अधुरै रहन सक्छन् । आफ्नो विचार विपरित निर्णय हुनेछ । | **तुला** : शुभकार्यको चर्चा चल्नेछ । लगानीको वातावरण बन्नेछ । |
| **वृष** : कला र गलाको प्रभाव बढ्नेछ । अचल सम्पत्ती हात पर्ने योगछ । | **वृश्चिक** : मुद्धा मामिलामा सफलता पाईनेछ । कार्यमा सफलता मिल्नेछ । |
| **मिथुन** : शुभकार्यको चर्चा चल्नेछ । विशिष्ट व्यक्तिको सहयोग मिल्ला । | **धनु** : वैदेशिक कार्य अघी बढ्नेछ । नयाँ कामको थालनी हुनेछ । |
| **कर्कट** : बन्धु बान्धवबाट सहयोग मिल्ने छ । सफल यात्राको योगपनि छ । | **मकर** : अतिथिको रूपमा सत्कार पाइएला । सहयोग प्राप्त हुनेछ । |
| **सिंह** : मन खिन्न हुने स्थिति आउनेछ । बन्न लागेको काम विग्रनेछ । | **कुम्भ** : कामबाट दोहोरो लाभ मिल्नेछ। अरुलाई प्रभावित पारी काम बन्नेछ । |
| **कन्या** : शिक्षामा सफलता र शुभ समाचार सुन्न पाइएला । काम विग्रनेछ । | **मीन** : स्वास्थ्यमा सुधार आउला । प्रेमीको सहयोग प्राप्त हुनेछ । |

# कृषि

## गाउँ-गाउँमा पुग्यो ट्याक्टर, गोरु पाल्न छोड्दै किसान

गाउँमा गोठ रित्तै छन् । उत्पादन हुने खेतीयोग्य जमिन घट्दै गएका छन् । युवा शक्ति शिक्षा तथा रोजगारीका लागि विदेश पलायन भएका छन् भने वृद्धवृद्धाले भारी काम गर्न सक्दैनन् । पहिलेपहिले गाउँमा गोठभरि गाईभैंसी, गोरु र बाख्रा हुन्थे । वस्तुभाउको गोबर र स्याउला मिलाएर मल बनाइन्थ्यो र त्यहीँ मल खेतीका लागि प्रयोग गरिन्थ्यो । छरछिमेकी भएर अर्मपर्म गरी खेतबारीमा मल पुऱ्याइन्थ्यो र खेतीपाती गरिन्थ्यो । भित्र्याउने बेला पनि छिमेकी मिलेर काम गर्थे । कसैलाई पनि पारिश्रमिक दिएर काम गराउनु पर्दैनथ्यो । काम गर्न जति पनि जनशक्ति पाइन्थ्यो । अहिले गाउँमा न काम गर्ने जनशक्ति पाइन्छन्, न अर्मपर्म गर्न छरछिमेकी नै । बजारसँगै गाउँमा पनि वस्तुभाउ पाल्नाको संख्यामा कमी आउन थालेपछि खेतबारीमा मल पुऱ्याउन गाह्रो परेको बागलुङ नगरपालिका-५ का किसान कृष्णबहादुर थापाले बताए । गाईभैंसी पाल्नेको कमी भएसँगै खेतबारीमा अहिले रासायनिक मलको प्रयोग बढ्न थालेको उनको भनाइ थियो । उनका अनुसार जोत्नका लागि आधुनिक हलो (मिनीटेलर) तथा ट्याक्टरको प्रयोग हुँदै गएका छन् ।

एकदशक अगाडिसम्म सिँचाइ सुविधा नहुँदा आकाशे पानीको भरमा पनि धेरै क्षेत्रफल खेत रोपाइँ गर्ने किसानले अहिले सिँचाइको राम्रो व्यवस्था हुँदा पनि रोपाइँ गर्ने जमिन थोरै हुँदै गएको थापाले बताए । उनले अहिले गाउँमा हल गोरु भेट्याउनै मुस्किल पर्ने जनाए । "बुढापाकाले पूर्णिमाका दिन खेतबारी जोत्न हुँदैन भन्ने परम्परागत मान्यता थियो । अहिले आधुनिक हलोको प्रयोग गरेर किसानले जहिले पनि खेतपानी जोत्ने गर्छन् । यसले हाम्रो सांस्कृमा समेत प्रभाव पारेको छ", थापाले भने, "पहिले एक हल गोरुले एक दिनमा गर्ने काम मिनीटेलरले दुई घण्टामै सक्ने हुँदा आधुनिक हलोको प्रयोग बढ्दै गएको हो ।" उनले आफ्ना पालामा अहिलेको जस्तो आधुनिक हलको विकास नभएको हुँदा हल गोरुको विकल्प नभएको बताए । पछिल्लो समय आधुनिकताले गर्दा स्थानीयले गोरु पाल्न छोडेका उनको भनाइ



थियो । "हाम्रा बाउबाजेले गोठमा दुई/तीन हल गोरु पाल्थे, खेतबारी जोत्ने बेला गाउँभरिका मान्छेको खेतबारी जोत्न जान्थे, अन्य समय वन पाखामा चराउने, गोबरबाट मल बनाउने गरिन्थ्यो, अहिले खेतमा मल पुऱ्याउने सकिन्न, गाईभैंसी पाल्न छोडियो", थापाले भने, "बजार गयो युरिया मल किनेर ल्यायो, बारीमा खन्यायो । रसायनिक मलको प्रयोगले किसानलाई धेरै सहज बनाएको छ तर पशुचौपाया पाल्ने परम्परा हराउँदै गएको छ ।"

ढोरपाटन नगरपालिका-५ का ओमबहादुर घर्तीले सहरबजारमा मात्र नभई गाउँसम्म आधुनिक हलो आएपछि स्थानीयले गाईगोरु पाल्न छोडेको बताए । उनले अघिल्लो वर्षसम्म आफूले दुई हल गोरु पाल्दै आएकामा अहिले गोठ रित्तै रहेको बताए । पहिले २०/२५ मुरी धान फल्ने खेतमा धान रोप्ने गरेको सुनाउँदै अहिले काम गर्न मान्छे नहुँदा १० मुरी मात्रै धान खेतमा रोपाइँ गरेको उनले बताऐ । गाउँलेको बजार मोहले ग्रामीण जनजीवन हराउन थालेको उनको भनाइ थियो । "असार लागेदेखि साउन नसकिदासम्म रोपाइँ हुन्थ्यो, त्यस अवधि पूरै पर्वमा गइन्थ्यो, गाउँभरिका खेताला हुन्थे, रोपाइँ गर्दा बारीमा मकै कुटाउँदै निकै रमाइलो पनि हुन्थ्यो, अहिले त्यो चलन हरायो", घर्तीले भने, "अहिलेका मान्छेले धेरै सुविधा खोज्न थाले, घरको काम गर्न पनि गाह्रो मान्छन् । अहिलेका युवा सहर/बजार बस्ने, विदेश जाने भन्छन्, पढे लेखेका छन् । हामीले जस्तो पशुचौपाया पाल्न खोज्दैनन्, त्यही भएर गाउँमा गाई, गोरु, भैंसी र पाठापाठी निकै कम छन् ।" उनले आधुनिक हलोले जोत्दा बाली उत्पादन राम्रो नहुने भन्दै आफूले गाउँमा खोजेरै भए पनि गोरुले जोत्ने गरेको बताए । गोरुले जोत्ने पुरानो परम्परा रहेको हुँदा आफ्नो हात पाखुरा चल्दासम्म आधुनिक हलोको प्रयोग नगर्ने घर्तीको भनाइ थियो । अहिले गाउँका धेरैजसो खेतबारीमा खेती नहुँदा वनमारा झारले भरिन थालेको उहाँले अनुभव सुनाए । कृषि ज्ञान केन्द्र बागलुङका प्रमुख भानुभक्त भट्टराईले ग्रामीण क्षेत्रमा आधुनिकीकरणसँगै परम्परागत शैलीका खेतीपातीलाई पनि जोड दिने बताए । केही वर्षयता गाउँका कृषकले आधुनिक हलो प्रयोग गर्न थालेको भन्दै गोरुमार्फत जोत्ने कृषकलाई पनि ज्ञान केन्द्रले प्रेरित गर्ने उनको भनाइ थियो । पछिल्लो समय आधुनिक हलो र रसायनिक मलको प्रयोग बढ्दै गएकाले पशुचौपाया पाल्ने किसानको संख्यामा कमी आएको बताउँदै प्रमुख भट्टराईले आगामी वर्षदेखि पशुपालन गर्ने कृषकलाई केन्द्रले अनुदान दिने र प्रोत्साहन गर्ने योजना बनाएको जानकारी दिए । "अहिले पनि धेरै किसानले आधुनिक हलो मनपराएका छैनन् । काम गर्ने जनशक्तिको अभाव र गोरु नपाएपछि बाध्यताले मिनिटेलर प्रयोग गरेका छन् । उनीहरूलाई कृषि ज्ञान केन्द्रले सहयोग गर्नुपर्ने सामग्री अनुदानमा सहयोग गरिरहेको छ", उनले भने, "बजारी क्षेत्रमा आधुनिक हलोको प्रयोग गरे पनि गाउँमा गोरुबाटै जोत्नुपर्छ भन्ने मान्यता रहेकाले गोरु पाल्ने कृषकलाई पनि अनुदान दिने व्यवस्था मिलाउन लागेका छौं ।" प्रमुख भट्टराईका अनुसार आधुनिक हलो प्रयोग गर्ने र व्यावसायिकरुपमा कृषि पेसामा लागनुभएका कृषकलाई अनुदानमा आधुनिक हलो दिने गरिएको छ । -रासस

## तनहुँमा व्यावसायिक एभोकाडोको खेती

एक वडा एक उत्पादन कार्यक्रमअन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिकामा 'ध्यू फल' भनेर चिनिने एभोकाडोको खेती सुरु गरिएको छ । आँबुखैरेनी-२ मा ७५ प्रतिशत अनुदानमा एक हजार आठ सय ४० वटा एभोकाडोको बिरुवा तथा सामग्री वितरण गरिएको हो । उक्त बिरुवा रोपेको तेस्रो वर्षबाट उत्पादन दिन सुरु हुने र मूल्य पनि राम्रो पाइने भएकाले यस खेतीलाई प्राथमिकता दिइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिए । फलफूल क्षेत्र विकास कार्यक्रम अन्तर्गत तनहुँमा पनि एभोकाडो खेतीलाई समावेश गरी गत वर्षदेखि यसको बिरुवा उत्पादन गरेर खेती सुरुआत गरिएको हो ।

समुन्द्री सतहबाट दुई सय सयदेखि एक हजार छ सय मिटर उचाइमा यसको खेती गर्न सकिने कृषि ज्ञानकेन्द्र तनहुँका प्रमुख कुलप्रसाद तिवारीले बताए । तनहुँमा पाँच हेक्टर जमिनमा बिरुवा लगाएर खेती सुरुआत गरिएको र यस वर्ष अझै विस्तार गर्दै लैजाने योजना रहेको छ । तिवारीका अनुसार गत वर्ष केन्द्र आफैंले दुई हजार बिरुवा उत्पादन गरेर र बाहिरबाट थप दुई हजार बिरुवा मगाएर चार हजार बिरुवा कृषकलाई



वितरण गरेको थियो । यस वर्ष पाँच हजार बिरुवा वितरण गर्ने योजना रहेको छ । कृषकलाई ७५ प्रतिशत अनुदानमा प्रतिबिरुवा रु २५ मा वितरण गरिएको हो । पहाडी भूगोलमा हुने एभोकाडोको खेती गर्न सकिने केन्द्रले जनाएको छ । तिवारीले भने, "यो खेती तराईदेखि पहाडसम्म गर्न सकिन्छ कागती तथा केरा हुने स्थानमा यसको खेती राम्रो हुन्छ ।" एभोकाडो खेती गरेर बाँझो जमिनको सदुपयोग गर्न सकिन्छ । प्रशस्त भिटामिन, प्रोटिन र चिल्लो पदार्थ पाइने भएकाले एभोकाडो उच्च रक्तचाप, मधुमेह र मुटु रोगका बिरामीका लागि अति नै लाभदायक मानिन्छ । एभोकाडो म्यादीमा भित्रिएको नयाँ जातको फलफूल हो । नेपालमा मेक्सिकन, ग्वाटेमिलन र भारतीय जातको एभोकाडो खेती गरिने छ । एभोकाडो मेक्सिको र अमेरिकामा उत्पत्ति भएको विश्वास गरिन्छ । धनकुटाको पाख्रिबासमा २०२५ सालमा फल खान ल्याएको दानाको बियाँ उम्रिएपछि विस्तार भएको पाइन्छ । यो फलको थोकमा प्रतिकिलो रु दुई सय र फुटकर रु तीन सय ५० देखि रु चार सयसम्म मूल्य पर्दछ । यसको जुस बनाएरसमेत उपभोग गर्न सकिन्छ । ठूला होटल, पर्यटक, विदेशबाट आएका र सहर बजारका बासिन्दाले प्रायः एभोकाडोलाई मुख्य फलका रूपमा उपभोग गर्ने गर्दछन् । कात्तिक महिनामा टिप्न सुरु गरिने एभोकाडोको फल फागुनसम्म बोटमा राख्न सकिन्छ । कलमी र बिजु दुई विधिबाट यसको बिरुवा उत्पादन गर्न सकिने केन्द्रले जनाएको छ । -रासस

# कृषिमा पुनर्जागरणको खाँचो

**इन्द्रबहादुर बराल**

गत असार १५ गते विगतमा जस्तै धान दिवस मनाइएका समाचारहरू छ्याप्छ्याप्ती सुन्न, देख्न र पढ्न पाइयो । यस्ता कर्मकाण्डी कार्यक्रमले न त किसानमा ऊर्जा थप्छ न त त्यस्ता कार्यक्रमले राष्ट्रिय उत्पादकत्व नै बढाउँछ । आज यही प्रसंगमा केही चर्चा गर्न उपयुक्त हुन्छ जस्तो लाग्यो । हामीले सुन्दै र पढ्दै आएको कुरा हो 'नेपाल कृषि प्रधान देश हो' । तर, यस भनाइलाई सुन्दा लाजमर्दो अवस्थामा छौं हामी नेपाली । भन्दा कृषि प्रधान देशका हामी नेपाली तर कृषि उत्पादन हेर्दा प्रायः शून्य जस्तै अवस्था छ । यसमा मूलतः कमजोरी राज्य वा सरकारको छ । राज्यका कृषि नीतिले कृषकलाई आकर्षित गर्न नसक्नु मुख्य कारण हो ।

यसर्थ राज्य वा सरकारले वास्तविक किसान लक्षित कार्यक्रममार्फत देशको कूल गार्हस्थ उत्पादनमा जोड्न सक्नुपर्छ । अहिले कृषि पेशा वा व्यवसाय अत्यन्तै अपहेलित जस्तो देखिएको छ तर यथार्थमा सबैभन्दा मर्यादित र सम्मानित पेशा नै कृषि हो । तसर्थ यो मान्यतालाई स्थापित नगराएसम्म हामीले कृषि क्षेत्रमा आशातित उन्नति, प्रगति गर्न सक्दैनौं । कृषिप्रधान देशका नागरिक आज खाद्यान्नमा पूर्णरूपले परनिर्भरतामा छौं । यसो भनिरहँदा लाजले मुन्टो निहुऱ्याउनु परेको छ । तथापि जबसम्म हामीले आफ्ना हातपाखुरा आफ्नै खेतबारीमा लगाउँदैनौं तबसम्म यस्तै आत्मग्लानिका पीडा र कुण्ठाबाट मुक्त हुन सक्दैनौं । एउटा स्वाभिमानी नेपालीको छोरो जसले आफ्नो माटोमा लडिबुडी खेल्ने संकल्प गरेको खण्डमा अवश्य पनि आत्मसम्मानका साथ स्वदेशमै बाँच्न गाह्रो छैन । समय सरकारको मुखमात्रै ताकेर बस्ने होइन आफ्नो कर्म पनि गर्दै जाने अनि सरकारलाई पनि कृषि क्षेत्रमा विशेष ध्यानाकर्षण गराउँदै जानुपर्ने देखिन्छ । यसर्थ अब हामी नेपालीका सामु कृषिमा पुनर्जागरण ल्याउनुको विकल्प छैन । आजभोलि व्यक्ति र सरकार बाह्य संसारबाट प्रभावित भएको अवस्था छ । सरकारका नीति तथा कार्यक्रमले प्रत्यक्ष स्वदेशी उद्यमीलाई प्रोत्साहन गर्नुभन्दा अन्यत्रै ध्यान गएको हो भन्ने भान हुन थालेको छ । हाम्रा सरकारी नीति कार्यक्रमले आफ्नै नागरिकको हित प्रवर्द्धन गर्नतर्फ यथोचित ध्यान गएजस्तो देखिँदैन । हाम्रा नीति कार्यक्रमबाट कुन वर्ग बढी लाभान्वित भएछ भन्ने ठम्याउनै गाह्रो भएको छ ।

यसर्थ अब किसान जागरणको टड्कारो महसुस भएको छ । देशका सबैजसो राजनीतिक दलहरूमा भ्रातृ संगठनको रूपमा किसान संघसंस्था छन् तर तिनीहरूले कृषि क्षेत्रमा क्रान्ति ल्याउने दिशामा कुनै पहल गरेको देखिँदैन । ती त पार्टीका शुद्ध झोलेमात्रै देखिन्छन् र किसानको नाउँ बेचेर आफ्नो राजनीतिक स्वार्थ सिद्धिको माध्यम मात्रै बनेको प्रतित हुन्छ । त्यसैले अब अरूको मुख ताकेर नेपालले कृषिमा पुनर्जागरण ल्याउन सम्भव छैन । अब किसान आफैं जाग्नुपर्ने बेला घर्कन लागिसक्यो । भनिन्छ 'समयले पर्खेर बस्दैन' । समय छँदै केही गरौं र कृषिलाई आफ्नो जीवनको अभिन्न अंग बनाऔं । यहाँ सन्दर्भ असार १५ अर्थात् धान दिवासको केही सूक्ष्म चर्चा गर्न खोजिएको हो । यद्यपि यो चर्चा राज्य वा सरकारप्रति लक्षित छ । हुन त भनिएला अब देश औद्योगिकीकरणतर्फ लाग्नुपर्छ । दुनियाँमा नयाँ-नयाँ प्रयोग र अभ्यासहरू भएका छन् त्यतातिर हाम्रो ध्यान जानुपर्छ । हो त्यो पनि राज्यको एउटा पाटो होला तर हाम्रो प्राथमिकतालाई पनि चटक्कै छोड्नु हुँदैन । सरकारका नीति र कार्यक्रमले कहीँ न कहीँ कृषिलाई जोड्नुपर्छ ताकि कृषिक्षेत्रमा लागेका किसानलाई प्रोत्साहन गर्न सकोस् । जस्तो उद्योगलाई कृषिसँग जोड्न सकिन्छ । उदाहरण कृषिजन्य उद्योगहरूमा विशेषरूपमा जोड्न सकिन्छ । हाम्रोजस्तो देशमा कृषि आत्म हो । कृषिलाई सबल र सक्षम नबनाएसम्म देशले काँचुली फेर्न सक्दैन भन्ने तथ्य सबै बुझेकै छन् तर अवस्था बुझपचाएको मात्रै हो । अहिले नेपाल राजनीतिक, आर्थिक र नैतिकरूपले गम्भीर संकटमा छ । राज्यका हरेक क्षेत्र अस्तव्यस्त अवस्थामा छन् । परिस्थिति नियन्त्रणदेखि बाहिर जान सक्ने खतरा त्यत्तिकै देखिँदै छ । यसका बाबजुद परिस्थितिलाई काबुमा राख्न हरसम्भव प्रयास जारी राख्दै कृषिमा विशेष ध्यान दिन आवश्यक छ । आज हामीलाई कृषिप्रधान देशका नागरिक भन्न लाज लाग्दो अवस्था छ । एउटा खुर्सानीको ढिँडी पनि भारतबाट नल्याएसम्म खान पाइने स्थिति छैन । यो कतिसम्मको लाजको पसारो होला यसो एक छिन् गम्भीर भएर सोचौं त ! अब फर्कने आफैंतिर हो । अरूको अर्थात् राज्यको भद्रा हेरेर हाम्रो छाक टर्दैन । छाक टार्न आफ्नै माटोमा पसिना बगाउनेतिर लाग्नुपर्छ र हाम्रो कल्याण छ । एकजना चिनियाँ प्रोफेसरले भनेका थिए 'नेपाल सुनको कचौरा लिएर माग्दै छ ।' हो पक्कै हामी नेपाली मगन्ते होइनौं तर हाम्रो मानसिकता मगन्ते हुनगयो वा राज्यले मगन्ते बनायो । यसर्थ हामी स्वाभिमानीपूर्वक बाँच्न सक्छौं भन्ने सन्देश दिन आवश्यक छ । त्यसका लागि कृषिमा पुनर्जागरण ल्याउन जरुरी छ । कृषि हाम्रो जिउने आधार हो यसलाई समयानुकूल सुधार वा आधुनिकीकरण गर्दै लैजान सक्नुपर्छ । परम्परागत कृषि प्रणालीबाट आधुनिक कृषि प्रणालीमा रूपान्तर गर्दै उत्पादनमा जोड दिनुपर्छ । कृषि क्षेत्रले धेरै फड्को मारिसकेको छ । त्यसबाट लाभान्वित हुनु जरुरी छ । कृषि क्षेत्रको प्रवर्द्धन गर्न सरकारले विशेष कार्य योजना अघि सार्नुपर्छ । सरकारले यस्तो कार्ययोजना ल्याओस् कि जहाँ बिचौलियाले अनुचित लाभ लिन नपाऊन् । विगतमा यस्ता धेरै कार्यक्रमबाट बिचौलियाहरू मोटाएका घटना छताछुल्ल भएकै हुन् ।

स्थानीय सरकारमार्फत वास्तविक किसानलाई कृषिमा प्रोत्साहन गर्नु गराउनुपर्ने देखिन्छ । पहुँचको भर राज्यबाट सहुलियत लिएर सरकारी साधनस्रोतको दुरुपयोग हुने परम्पराको अन्त्य गर्नैपर्छ । सरकारले किसानका खेतखेतमा र बारीबारीमा पुगी स्थलगत निरीक्षण गर्दै प्रोत्साहन गर्ने नीति अवलम्बन गर्नुको विकल्प देखिँदैन । यतिसम्म गर्न सकेका खण्डमा कृषिमा पुनर्जागरण ल्याउन गाह्रो देखिँदैन । माथि उल्लेखित त्यति सामान्य कुरा नजान्ने र नबुझ्ने कोही नहोलान् तर सरकार वा राज्यले कृषिलाई पर्यटनसँग जोड्न सक्नुपर्छ । साथै सिँचाइको यथोचित प्रबन्ध मिलाई किसानको आवश्यकाता पूरा गरिदिनुपर्ने हुन्छ । हुन त भनिन्छ अर्थतन्त्रको मेरुदण्ड कृषि नै हो तर अहिले कृषिमा सरकार अत्यन्तै उदासिन देखिनु दुर्भाग्यपूर्ण छ । किसानको हितमै देश र जनताको हित निहित हुन्छ । हामी नेपाली र हाम्रा सरकारहरूले कृषिमा पुनर्जागण नल्याउँदा मुलुक पूर्णरूपले परनिर्भरतामा बाँच्नुपरेको छ । कृषिले यति ठूलो फड्को मार्दासमेत हामीले त्यसलाई पछ्याउन नसक्दा परमुखापेक्षी भएर बाँच्न विवस छौं । तसर्थ सरकारले जबसम्म कृषिलाई प्राथमिकतामा राखेर योजना तर्जुमा गर्दैन तबसम्म हामी विदेशीले खुर्सानीको एउटा ढिँडीसम्म टोक्न नसक्ने अवस्थामा छौं र हुनेछौं । यो भुयथार्थ हो । अरू ठूल्ठूला कार्ययोजना दिन नसके पनि करेसाबारीमा लाग्न प्रेरित गरेको खण्डमा मात्रै हाम्रो भान्सामा चाहिने वस्तु सजिलै प्राप्त गर्न सक्छौं । सरकारले विगतमा कृषि मन्त्रालयले प्याकट कार्यक्रममार्फत कृषिमा अनुदान उपलब्ध गराउँदै आएको समाचार पढ्न सुन्न पाइन्थ्यो तर त्यसको प्रतिफल भने प्रायः शून्य भन्ने सुनिन्छ । बिचौलिया र पहुँचवालाहरूले नै अनुदान लिने तर उत्पादनमा जोडिन नसकेको अवस्था विद्यमान छ ।

तसर्थ विगतका अनुभवबाट पाठ सिक्दै अबदेखि स्थानीय तहका सरकारलाई परिचालन गरी वास्तविक किसान लक्षित कार्ययोजना अघि बढाउनुपर्ने देखिन्छ । जसले खेतको हिलोमा पाइला टेकेको छैन आज उहीँ ठूलो कुरा गर्दै गरेको पाइन्छ । र, राज्यले दिएको कृषि अनुदानमाथि मोजमस्ती गरिरहेकै हुन्छ । आगामी दिनमा यस्ता गलत मानिस हाबी हुन नपाउन, सरकारी अनुदान र अन्य प्रकारका सेवासुविधा किसानको खेतबारीमा पुऱ्याउनु आजको आवश्यकता हो । पहिलो प्राथमिकता ससाना खेतीमा ध्यान पुऱ्याऔं । जस्तो खुर्सानी, लसुन, प्याज, आलु, गोलभेडालगायत लहरे तर्कारी, हरियो सागसब्जी आदिमा आत्मनिर्भर हुन कुनै कठिनाइ देखिँदैन । यसैले हाम्रो मानसिकता स्मल इज ब्युटिफुल भन्ने मान्यता ग्रहण गर्नगराउन सक्नुपर्छ । त्यसपछि पकेट एरिया निर्धारण गरेर अन्य अन्नजन्य कृषि व्यवसायलाई उच्च-प्राथमिकतामा राखी कार्यक्रम ल्याउनुपर्छ । 'शिक्षा सुधारे सबै कुरामा सुधार हुन्छ' भनेजस्तै कृषिमा गुणात्मक र परिमाणात्मक फड्को नमारेसम्म देशले विकासको फल जनतामाझ पुऱ्याउन सक्ने देखिँदैन । एकैरातमा सोचेजस्तो उपलब्धि प्राप्त गर्न नसकिए पनि क्रमशः कृषिमा प्रगति गर्न सकिन्छ । परम्परागत कृषि प्रणालीबाट क्रमिक रूपमा आधुनिकतातर्फ लाग्न सकिन्छ । देशको भूअवस्था एकैनासको नहुँदा सबै ठाउँमा एउटै कार्यक्रम दिन नसकिएला तर त्यसलाई पनि वर्गीकरण गर्दै जहाँ जे सम्भावना छ त्यही गर्नु उपयुक्त हुन्छ । तराई/मधेसका समतल भूमिमा अन्न उत्पादनमा जोड दिएर कतिपय पहाडी भेकमा फलफूल उपयुक्त हुन्छ भने मध्यपहाडी भेकमा विशेष गरेर तरकारी तथा पशुपालन हुने देखिन्छ । यसरी पकेट क्षेत्र छुट्याएर सरकारले किसानलाई प्रोत्साहन गर्नाले अहिलेको अन्न, तरकारी तथा फलफूलमा देखिएको परनिर्भरता क्रमशः न्यूनीकरण गर्दै जान सकिन्छ । किसानलाई आवश्यक पर्ने उन्नत मल बिउ यथासमयमा उपलब्ध गराई किसानको कृषि उपज बिचौलियाबाट जोगाइ सरकारले आफैं खरिद गरी बजारसम्म पुऱ्याउने जिम्मा लिनुपर्छ । त्यसो गर्दा किसान बिचौलियाबाट ठगिने छैनन् । न्यूनतम ढुवानी र त्यसमा लाग्ने लागत कम गर्दै जान सकेमा हामीले सोचेभन्दा धेरै छिट्टै खाद्यान्नमा आत्म निर्भर बन्न सक्छौं । यसर्थ कृषिमा पुनर्जागरण वा क्रान्ति नल्याएसम्म हामी विदेशीको गुलामी बन्नबाट कसैले रोक्न सक्दैन । देशका अन्य उद्योगधन्दा पनि भरसक कृषिमा आधारित होऊन् ताकि कच्चापदार्थ खोज्न अन्यत्र भौतारिन नपरोस् । त्यसैले फेरि पनि भन्नुपर्छ कृषिमा सुधार ल्याऔं जसले सबै समस्याको समाधान दिन सकोस् । यस कार्यका लागि हामी सबै नेपालीको प्रतिबद्धता आवश्यक छ । यसका लागि सरकार जनता वा किसानको सच्चा साथी बनोस् भन्ने सबैको सदिच्छा छ । विरोधमात्रै पनि सबथोक होइन रचनात्मक सहयोग र साथ दिन पनि हामी र हाम्रो राजनीतिक प्रतिबद्ध हुनुपर्छ । अनिमात्र कृषिमा पुनर्जागरण आउन सम्भव छ ।

-हिमालय टाइम्स डटकम

# बौद्ध युवा संघको नयाँ नेतृत्वलाई पद हस्तान्तरण



**पाल्पा,** असार २३/बौद्ध धर्मलम्वीहरुको संस्था बौद्ध युवा संघ पाल्पाको नयाँ नेतृत्वलाई पदहस्तान्तरण गरिएको छ । संघको १७ औं अधिवेशनबाट निर्वाचित भएर आउने नेतृत्वलाई पुरानो नेतृत्वले पद हस्तान्तरण गरेको हो ।

शनिबार एक औपचारिक कार्यक्रमका बिच पदहस्तान्तरण गरिएको संघले जनाएको छ । संघको अध्यक्षमा रोदितराज शाक्य, उपाध्यक्षमा विवेककाजी शाक्य, सचिवमा अनुराधा बज्राचार्य, कोषाध्यक्षमा विजय बुद्धाचार्य र सह-सचिवमा अनुजा बज्राचार्य रहेका छन् । यस्तै सदस्यहरुमा अञ्जला बज्राचार्य, लक्ष्मी शाक्य, सतिशराज शाक्य, कुसनकुमार बज्राचार्य, अभयराज शाक्य, मख्नमाया बज्राचार्य, प्रतिक्षा बज्राचार्य, जिया महर्जन र शुसिला शाक्य रहेको नवर्निवाचित उपाध्यक्ष विवेककाजी शाक्यले जानकारी दिए । सोही अवसरमा निर्वाचन अधिकृत जीवन मान बजाचार्यले नवनिवार्चित अध्यक्ष रोदितराज शाक्यलाई शपथ खुवाएका थिए । अध्यक्षले शपथ लिएसँगै अन्य पदाधिकारीलाई शपथ खुवाएका हुन् । पद हस्तान्तरण कार्यक्रमका प्रमुख अतिथि भिक्षु विमलानन्द मेमोरियल द्रष्टका अध्यक्ष पूर्णमाया महर्जन, विशिष्ट अतिथि विपश्ना ध्यान समूह पाल्पाका संयोजक छत्रराज शाक्य, चुडाकर्म ब्रतबन्ध संघका अध्यक्ष विरेन्द्रकाजी शाक्य, संघका पूर्व अध्यक्ष एंव सल्लाहकार लगायतले नयाँ नेतृत्वलाई सफलताको शुभकामना व्यक्त गरे । कार्यक्रमको उद्घाटन शत्र संघका निवर्तमान अध्यक्ष किशोर दर्शन बजाचार्यको अध्यक्षता, निवर्तमान सचिव विवेककाजी शाक्यको सञ्चालनमा भएको थियो ।

गौतमबुद्धको उपदेश सेवा नै धर्म हो भन्ने भावलाई आत्मसाथ गर्दै संघले जिल्लामा विभिन्न सामाजिक काम गर्दै आएको छ । उसले बेला बेलामा आश्रममा रहेका व्यक्तिहरुलाई खाद्यान्न र आर्थिक सहयोग समेत गर्दै आएको छ ।

## खेलकुद समाचार

# एसियाली एथलेटिक्समा ७ नेपाली खेलाडी



**काठमाडौं,** असार २३/थाइल्यान्डको पटायामा हुने २५ औं एसियाली एथलेटिक्स च्याम्पियनसिपमा नेपालबाट ७ खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन् । ५ पुरुष र २ महिला गरी ७ खेलाडीले प्रतियोगितामा नेपालको चुनौती प्रस्तुत गर्न लागेका हुन् ।

जुलाइ १० देखि १७ तारिखसम्म हुने प्रतियोगिताको दिपक अधिकारीले १० हजार मिटर दौड, मुकेश पालले १५००/५ हजार मिटर दौड, सोमबहादुर कुमालले ४ सय/८ सय मिटर दौड तथा शिवराज पार्की र आयुश कुँवरले १००/२०० मिटर दौडमा प्रतिस्पर्धा गर्ने छन् । महिलामा राजपुरा पछाईले ५ हजार मिटर दौड तथा फुलमती रानाले ८ सय/१५०० मिटर दौडमा भाग लिने छन् । मुकेश, शिव र आयुशबाहेक सबै खेलाडी चीनको हाङझाउमा हुने १९ औं एसियाली खेलकुदका लागि छनोट भएका खेलाडी हुन् ।

प्रशिक्षकमा एथलेटिक्सका मुख्य प्रशिक्षक चन्द्रबहादुर गुरुङ तथा अफिसियलमा जितेन्द्र चौधरी रहेका छन् । टोलीलाई सफलताको शुभकामना दिदै राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष शिव कोइराला र सदस्य-सचिव टंकलाल घिसिङले शनिबार एक कार्यक्रमबीच बिदाइ गरे । टोली आज (आइतबार) थाइल्यान्ड प्रस्थान गर्दै छ ।

## अर्थ/कर्पोरेट समाचार

# मृगौला पीडितलाई आर्थिक सहयोग



तानसेन, असार २३/जिल्लाको रम्भा गाउँपालिका -३ का ५२ वर्षीय मृगौला पीडित राजेश चितौरे रानालाई विभिन्न व्यक्तिहरुले उपचारका लागि आर्थिक सहयोग गरेका छन् । पाल्पा श्रीनगर समाज हङकङको सहयोग र समाजका अगुवा वसन्त श्रीनेतको सक्रियतामा सकंलित एक लाख ५८ हजार २ सय मृगौला पीडित रानालाई सहयोग गरिएको हो ।

उक्त सहयोग रकम शनिबार तानसेनस्थित नेपाल भूतपूर्व सैनिकको भवनमा एक औपचारिक कार्यक्रमका बिच हस्तान्तरण गरिएको छ । समाजका सदस्यहरूबाट सकंलित रकम लुम्बिनी प्रदेशका पूर्व उर्जामन्त्री तथा प्रदेश सांसद वीरबहादुर रानाले पीडित परिवारलाई हस्तान्तरण गरेका हुन् ।

सहयोग रकम हस्तान्तरण सांसद रानाले समाजका सदस्यहरुले पीडितप्रति देखाएको सहयोग र सद्भावको प्रशंसा गरे । उनले भने 'दुखमा परेकाहरुलाई सानो भए पनि सहयोग गर्नु मानविय धर्म हो, यस्तो कार्यमा सबैले सक्दो सहयोग गर्नुपर्दछ ।' सेवा नै धर्म हो भन्ने अभिप्रायले समाजसेवी बलबहादुर राना, खिमबहादुर रानाको पहल र समाजका अगुवा वसन्त श्रीनेतको सक्रियतामा विभिन्न देशमा रोगजारी गर्नेहरुलाई सहयोग गर्न आग्रह गरेपछि रकम संकलन भएको नेपाल मगर संघकी नेतृ शान्ति झेडी थापाले जानकारी दिइन् ।

मृगौला पीडित रानाको दिल्ली म्याक्स अस्पतालमा उपचार भइरहेको छ । आर्थिक अभावले उपचार गर्न समस्या भएपछि पीडित परिवारले आर्थिक सहयोगका लागि याचना गरिरहेका छन् । उपचारमा धेरै रकम लाग्ने भएपछि उनीहरु समस्यामा परेका हुन् । प्राप्त सहयोगले उपचारका लागि केही भए पनि राहत मिल्ने पीडित परिवारले बताएको छ । परिवारले रकम संकलन गरी सहयोग गर्ने सम्पूर्ण सहयोग दाताहरुलाई धन्यवाद दिएको छ । घरको आर्थिक अवस्था कमजोर भएपनि सहयोग रकम संकलन हुन थालेपछि रानालाई बाच्ने आशा पलाएको परिवारले बताएको छ ।

# तानसेन टुँडिखेलमा लायन्स क्लवले गर्‍यो वृक्षारोपण



**पाल्पा,** असार २३/तानसेनस्थित टुँडिखेलमा लायन्स क्लव अफ पाल्पा तानसेनले वृक्षारोपण गरेको छ । क्लवले शनिबार टुँडिखेलमा पुगेर ३० प्रजातिका विरुवा रोपेको हो । वातावरण स्वच्छ, हरियाली बनाउने उद्देश्यले क्लवले वृक्षारोपण गरेको जनाएको छ ।

वृक्षारोपणमा क्लवका सदस्यहरुसहित तानसेन नगरपालिकाकी उपप्रमुख प्रतिक्षा सिंजाली गाहा, तानसेन नगरपालिका- ६ का वडा अध्यक्ष एवं क्लवका निवर्तमान अध्यक्ष सागरमान महर्जन लगायतका विशिष्ट व्यक्तित्वहरु त्यहाँ पुगेका थिए । वृक्षारोपणमा पुगेकी उपप्रमुख गाहाले वातावरणीय जस्तो संवेदनशील विषयमा क्लवले देखाएको चासो र सक्रियता प्रशंसनिय रहेको बताईन् । उनले स्वच्छ र हराभरा वातावरण निर्माणका लागि वृक्षारोपणले महत्वपूर्ण भूमिका खेल्ने धारणा व्यक्त गरिन् । उपप्रमुख गाहाले भनिन् 'विरुवा लगाउनु राम्रै भए पनि त्यसको संरक्षणमा समेत उत्तिकै ध्यान दिन जरुरी छ ।' उनले रोपण गरेका विरुवाहरुको संरक्षणमा ध्यान दिन पनि क्लवलाई आग्रह गरिन् ।

यहाँ विभिन्न फुल जातका विरुवाहरु रोपिएको छ । वृक्षारोपणका लागि डिभिजन वन कार्यालय पाल्पाले विरुवा सहयोग गरेको थियो । सामाजिक कार्यसँगसँगै क्वले वतावरणीय सरसरफाईलाई समेत ध्यान दिर्दै आएको क्वलका निवर्तमान अध्यक्ष तथा वडा अध्यक्ष सागरमान महर्जनले बताए । उनले तानसेन आउने आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षक र मनोमहक दृश्य अवलोकनका लागि टुँडिखेलमा गरिएको वृक्षारोपणले महत्वपूर्ण टेवा पुग्नेमा विश्वास व्यक्त गरे । वृक्षारोपणका लागि लायन्स डिष्ट्रिक ३२५ पि का एफ डब्लुसी कोडिनेटर ला.सुशिल प्रधान, ला. मधुदयाल सैजु, ला. राजीव शाक्य लगायतका व्यक्तिहरु टुँडिखेल पुगेका थिए । वृक्षारोपण पश्चात भएको औपचारिक कार्यक्रम क्लवका अध्यक्ष अमनप्रसाद श्रेष्ठको अध्यक्षता, कार्यक्रमका संयोजक टंक घिमिरेको स्वागत, सचिव विवेककाजी शाक्यको सञ्चालनमा भएको थियो ।

# मकै खेती छोडेर...

...विगत चार वर्षको तुलनामा यस पटक धेरै लिची फलेको स्थानीय परमानन्द ज्ञवालीले बताए । 'पछिल्लो समयमा लिचीमा समस्या देखिएको छ । बोटमा पात डल्लो पर्ने, दानाको भेट्नामा किरा लाग्ने, पाक्ने बेला दाना फुट्नेजस्ता समस्या देखिएको छ', उनले भने । बाँदर र अरिङ्गालबाट लिची जोगाउन समस्या भइरहेको स्थानीय राधिका ज्ञवालीले बताइन् ।

गाउँबाट लिची बिक्री वितरण गरी यहाँका किसानले वार्षिक एक करोड ५० लाखसम्म कारोबार गरिरहेको कृषि ज्ञान केन्द्र गुल्मीका प्रमुख नवराज भण्डारीले जानकारी दिए । व्यावसायिकरुपमा लिची उत्पादनलाई थप व्यवस्थित र आकर्षित गराउन केन्द्रले बगैँचाको व्यवस्थापनमा जोड दिएको उनले बताए । आगामी वर्षदेखि ज्ञान केन्द्रले अभियानको रुपमा बगैँचा सुदृढीकरण कार्यक्रम सञ्चालन गर्ने भण्डारीले जानकारी दिए । सन् १९९१ मा समाजसेवी स्व. पण्डित डिल्लीराम ज्ञवालीले भारतको कलकत्ताबाट बोकेर ल्याएको लिचीको बोट लगाएर च्युरेकमा उनले लिची खेतीको सुरुआत गरेका थिए । उनकै प्रेरणाले सुरुमा खानको लागि बोट रोप्दै जाने क्रममा अहिले च्युरेक क्षेत्र सिङ्गो लिची गाउँमा परिणत भएको छ । बगैँचाबाट प्रतिकिलो ७० मा लिची बिक्री हुँदै आएको छ ।

बोटमा लिची हरिया छँदै व्यापारी घर-घरमा पुगेर थोक मूल्यमा किनेर राख्ने गरेका किसान बताउँछन् । तत्कालीन अवस्थामा जिल्ला कृषि विकास कार्यालय गुल्मीले थोर्गाको च्युरेकमा लिची गाउँ घोषणा गरी लिची महोत्सवसमेत गरेको थियो । कार्यालयका तत्कालीन वरिष्ठ कृषि विकास अधिकृत नरहरि शर्मा घिमिरेले पहिलोपटक गाउँमा लटरम्म फलेका लिचीका राता बोट देखेपछि उक्त गाउँलाई लिची गाउँ घोषणा गरेका थिए ।

कार्यालयले लिची गाउँ घोषणा गरेर व्यावसायिक लिची खेती गर्न सहयोग गरेपछि यहाँका कृषक लिची उत्पादनतर्फ थप आकर्षित बनेका हुन् । हाल जिल्लामा एक सय ७० हेक्टर क्षेत्रफलमा लिची उत्पादन गरिँदै आएकोमा यस वर्ष सात सय २० मेट्रिक टन लिची उत्पादन भएको कृषि ज्ञान केन्द्र गुल्मीले जनाएको छ ।


# हार्दिक बधाई तथा शुभकामना

यस **पाल्पा भूपू सैनिक स्कूल**को **शैक्षिक शत्र २०७९ को एसईई** परीक्षामा सहभागी भई उच्च ग्रेड ल्याई उत्तीर्ण हुन सफल सम्पूर्ण विद्यार्थीहरुमा **हार्दिक बधाई** तथा आगामी शैक्षिक सफलताको **हार्दिक शुभकामना** व्यक्त गर्दछौं । साथै शैक्षिक उपलब्धि हासिल गर्न हामीलाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा सल्लाह, सुझाव सहित सहयोग गर्नुहुने सम्पूर्ण शिक्षक, कर्मचारी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, सञ्चालक समिति तथा शिक्षाप्रेमी महानुभावहरु प्रति **हार्दिक आभार** व्यक्त गर्दछौं ।


रोजिना शर्मा (GPA ३.८०)


उत्सव सारु (GPA ३.७०)


निशा पाण्डेय (GPA ३.६५)


अनिशा लम्तरी (GPA ३.४५)


रिकल आले (GPA ३.४०)


मिलाम सुनारी (GPA ३.२५)


सृष्टि भट्टराई (GPA ३.०५)


इन्जुसा घर्ती (GPA ३.०)


महेश रूचाल मगर (GPA २.५५)


माडण्प घर्ती (GPA २.५०)




अनुरूद खाती (GPA २.३५)


सुहानी जयसवाल (GPA २.३५)



**भिम राना**
**प्रिन्सिपल**

**नारायण थापा मगर**
**अध्यक्ष (वि.व्य.स.)**

**तथा**

## पाल्पा भूपू सैनिक स्कूल परिवार
**तानसेन, पाल्पा**


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई